आज मिति २०८१/१०/२७ गते आइतबारका दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको सातौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | नि. प्रमुख प्रशासकीय अधिकृत | युगबहादुर खड्का | |

आमन्त्रीत उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | सहायका पाँचौं | शिव गिरी | |

CamScanner

प्रि. प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१ माघ २७ गते बसेको गाउँ कार्यपालिकाको सातौं बैठक

**गाउँ कार्यपालिकाको सातौं बैठकको कार्यसूचि**

१. अघिल्लो गाउँ कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।
२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा ।
३. बढुवा नियुक्ति तथा पदस्थापना सम्बन्धमा ।
४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयन सम्बन्धी पत्र सम्बन्धमा ।
५. गाउँपालिकाको पाङ्ग्रेटार स्थित प्रशासकीय भवनको सम्झौता सम्बन्धमा ।
६. योजना तथा कार्यक्रम शीर्षाकान्तर सम्बन्धमा ।
७. डिभिजन वन कार्यालय सिन्धुपाल्चोकको पत्र सम्बन्धमा ।
८. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
९. आर्थिक सहायता माग सम्बन्धमा ।
१०. पुर्वाधार शाखाले तयार पारेको प्रतिवेदन सम्बन्धमा ।
११. ट्याक्टर खरिद सम्बन्धमा ।
१२. शिक्षक पदपूर्ति सम्बन्धी प्रक्रिया सम्बन्धमा ।
१३. भुक्तानी सम्बन्धमा ।
१४. जिम्मेवारी सम्बन्धमा ।
१५. समपुरक विषेश अनुदान सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा छैठौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ को उपदफा (च) बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री मोहनकुमार श्रेष्ठबाट गाउँ कार्यपालिका कार्यालयका विभिन्न शाखाबाट आर्थिक २०८०/०८१ मा कार्यविधि बमोजिम सम्पादन भएका कार्यका आधारमा प्राप्त गाउँपालिकाको एकीकृत नतिजा ८६.२५ उपर छलफल हुँदा नतिजा वस्तुपरक भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडाको प.सं.क.प्र./३/२/२०८१/०८२, च.नं.१८१६ मिति: २०८१/१०/२२ को सिफारिस पत्र सहित बढुवा नियुक्ति तथा पदस्थापनाको लागि मिति:२०८१/१०/२४ मा यस कार्यालयमा उपस्थित हुनुभएको श्री कुमार प्रसाद सापकोटालाई यस कार्यालयमा इन्जिनियर सातौं पदमा प्रदेश लोकसेवा आयोगको मिति:२०८०/१०/२८ को सिफारिस पत्र अनुसार मिति:२०८०/११/२४ को गाउँ कार्यपालिकाको निर्णयले नियुक्त तथा पदस्थापना गरी ईन्जिनियर सातौं श्री दिकेश प्रजापतीलाई कामकाज लगाईएको हुँदा उक्त पद रिक्त नरहेकोले

उपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner

नि. प्रमुख प्रशासकीय अधिकृत

उहालाई बढुवा नियुक्ति तथा पदस्थापन गर्न नसकिने निर्णय गरियो साथै बढुवा नियुक्ति तथा पदस्थापना गर्न नसकिने व्यहोरा खुलाई स्पष्ट कारण खुल्ने कागजात सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा र प्रदेश लोकसेवा आयोग, बागमती प्रदेशलाई पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१।०९।२४ को पत्र प्राप्त भएको र पत्रमा उल्लेख भए बमोजिमका सुझावका व्यहोरा अवगत गर्दै सुनकोशी गाउँपालिकाले पत्रमा उल्लेखित व्यहोराको पालना गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको पाङ्ग्रेटार स्थित हाल गाउँ कार्यपालिकाको कार्यालय रहेको घरभाडा सम्झौता यहि मिति:२०८१।१०।२० बाट सकिएको हुँदा गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नभएको अवस्थामा आवश्यकता, औचित्यता र सेवाग्राही तथा नागरिकको सुविधालाई मध्यनजर गर्दै घरधनी श्री लालकाजी कार्कीले घरभाडा नियमानुसार नविकरण गरिपाउँ भनि दिएको निवेदनको आधारमा आगामी २ आर्थिक बर्ष सम्मको लागि घरभाडा सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथी छलफल गर्दा बजेट विनयोजनको समयमा विविध कारणवश शीर्षक तथा कार्यान्वयन स्थल फरक परेका तपसिल बमोजिमका योजनाहरुलाई तपसिल बमोजिम सम्बन्धित बमोजिम शिर्षाकान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.स. | साविक योजना/कार्यक्रम | वडा नं | विनियोजित रकम रु. | संशोधित योजना/कार्यक्रम | संशोधित रकम रु. | संशोधन पश्चात कायम हुने रकम |
|---|---|---|---|---|---|---|
| १. | -अध्यक्ष छात्रवृत्ति कार्यक्रम | | ५,००,०००/- | आर्थिक सहायता | ३०००००/- | १९,००,०००/- |
| | -अति विपन्न परिवार एम्बुलेन्स सञ्चालन खर्च | ६ | ५०,०००/- | | ५०,०००/- | |
| २. | -खेलकुद प्रर्वद्वन कार्यक्रम | ७ | १,५०,०००/- | ७ नं वडा कार्यालय तथा स्वास्थ्य चौकी प्राङ्गण पार्क निर्माण* रु. ७,००,०००/- | १,००,०००/- | ८,७५,०००/- * |
| | -जिसी टोल खानेपानी मर्मत | | ७५,०००/- | | ७५०००/- | |
| ३. | कोल्दोङ देवी मा.वि चिल्ड्रेन पार्क स्तरउन्नती | ६ | २,००,०००/- | कोल्दोङ देवी मा.वि पहिरो नियन्त्रण मेसिनरी वाल निर्माण | २,००,०००/- | २,००,०००/- |
| ४. | भैसे खानेपानी योजना | | १,००,०००/- | भैसे खोरङ मोटरबाटो वाल निर्माण | १,००,०००/- | १,००,०००/- |

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

प्रति. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | -धर्म संस्कृति तथा स्थानीय पर्व<br>खेलकुद प्रर्वद्वन कार्यक्रम | ७ | १५०,०००/-<br>१५०,०००/- | सुनकोशी गाउँपालिका स्तरिय तामाङ सेवा समाजद्वारा आयोजित लोसार कार्यक्रम | १५०,०००/-<br>५०,०००/- | २,००,०००/- |
| ६. | -कृषक तालिम कार्यक्रम<br>-माटो जाँच शिबिर सञ्चालन | | १,५०,०००/-<br>१,५०,०००/- | सितलपाटी खानेपानी योजना तथा विविध | १,५०,०००/-<br>१,५०,०००/- | ३,००,०००/- |

*क्र.सं २ मा मिति: २०८१ मंसिर १९ को निर्णयबाट संशोधन भएकोमा बजेट नपुग भई पुन संशोधन गरिएको ।

७. प्रस्ताव नं ७ माथी छलफल गर्दा डिभिजन वन कार्यालय सिन्धुपाल्चोकको मिति: २०८१।०९।२२ को पत्र प्राप्त भएको र पत्रमा उल्लेख भए बमोजिमका सुझावका व्यहोरा अवगत गर्दै सुनकोशी गाउँपालिकाले पत्रमा उल्लेखित व्यहोराको पालना गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथी छलफल गर्दा शिक्षा समितिको मिति: २०८१/१०/०७ मा बसेको बैठकको तपसिल बमोजिमका विद्यालयहरुको कक्षा समायोजन र समुदायमा आधारित बालविकास केन्द्रलाई नजिकको अगुवा विद्यालयमा समायोजन गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.सं. | विद्यालय/बालविकास केन्द्रको नाम | ठेगाना | समायोजन प्रकृति | कायम हुने |
|---|---|---|---|---|
| १. | श्री सेतीदेवी माध्यमिक विद्यालय | सुनकोशी-६ | कक्षा समायोजन | कक्षा ८ सम्म कायम |
| २. | श्री चामुना आधारभूत विद्यालय | सुनकोशी-६ | कक्षा समायोजन | कक्षा ५ सम्म कायम |
| ३. | श्री धनेश्वरी बालविकास केन्द्र | सुनकोशी-५ | पूर्ण समायोजन | भूमेश्वरी मा.वि.मा समायोजन कायम |

९. प्रस्ताव नं ९ माथी छलफल गर्दा माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमले विविध कारणले आर्थिक सहायता माग गर्नु भएको हुँदा तपसिल बमोजिम रकम आर्थिक सहायत शिर्षककबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्रसं. | नाम थर | कारण | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १. | रमेश बहादुर थापा | विद्युत सट भई आगलागी | ५०,०००/- | |
| २. | ठुलोकान्छा सार्की | फोक्सोमा समस्या | ५०,०००/- | |
| ३. | ओम बहादुर रानामगर | फोक्सो क्यानसर | ४०,०००/- | |
| ४. | प्रहरी चौकी ठुलोपाखर | मोटरसाइकल मर्मत | १५,०००/- | |
| ५. | सामुदायीक दुना टपरी उत्पादन साझा केन्द्र | उद्योग सञ्चालन | ५०,०००/- | |

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६. | ठोकर्पा मा.वि. | शैक्षिक अवलोकन भ्रमण | ३०,०००/- | |
| ७. | महेन्द्र कान्ती मा.वि. | शैक्षिक अवलोकन भ्रमण | ७०,०००/- | |
| ८. | सरस्वती आ.वि. | शैक्षिक अवलोकन भ्रमण | १०,०००/- | |

१०. प्रस्ताव नं १० माथी छलफल गर्दा १ र २ वडामा अविरल बर्षाले विग्रिएका सडकहरुको सरसफाइको क्रममा तपसिल बमोजिम प्राविधिक प्राविधिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**प्राविधिक प्रतिवेदन**

सुनकोशी गाउँपालिकाको आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम अन्तर्गत रेहेको सडक सरसफाई तथा मर्मत कार्यक्रमको संचालनमा असोज महिना १०-१२ गतेको अविरल वर्षाले विभिन्न कठिनाईहरु उत्पन्न भए अनुसार वडा नं. १ र २ अन्तर्गत सडक सरसफाई कार्यक्रमको लागि विनियोजित बजेट अपुग भएकोले थप बजेट निर्धारण गर्न प्राविधिक निरीक्षण गरि यस प्रतिवेदन तयार गरियो ।

**वडा न. १**

मिति २०८१/१०/२३ गतेको वडा नं. १ को सिफारिस पत्र अनुसार प्राविधिक निरीक्षण गर्दा वडा न. १ का तपशिल सडकहरुमा लागत अनुमानमा समावेश नभएका सरसफाईका कार्यहरु गर्नुपर्ने देखियो । नापजाँच अनुसारको १.१५ कि.मि सडकमा स्क्यारिफाई कार्य आवश्यक देखिएकोले उक्त कार्य समावेश गरि लागत अनुमान संसोधन गरियो ।

१. मीलडाडा लहरेटोल आचार्यगाउँ काइटार तिनचौर डीडाडा सडक १५० मि.
२. मीरे मुलखर्क काफ्ले सडक १७० मि.
३. रतुवापाटी महाकाल वेशी सडक छात्रावास १४० मि.
४. मिलडाडा कोटगाउ गैरीगाउ डाडागाउ धारापानी सीमडाडा सडक १३० मि.
५. जामुने भेदीडाडा सडक - १२५ मि.
६. डीडाडा बीमीरे सडक १४५ मि.
७. जोगीकुटी बडारे सडक १४० मि.
८. आदुवाबारी खत्रीस्वारा केराबारी तिनघरे सडक -१४५ मि.

**वडा न. २**

प्राविधिक निरीक्षण अनुसार वडा न. २ का तपशिल सडकमा सरसफाईका कार्यहरु बाकी रहेको देखियो । नापजाँच अनुसार २ कि.मि सडक सक्यारिफाई कार्य थप गर्नुपर्ने भएकोले सो कार्यको लागि नयाँ लागत अनुमान तयार गरियो ।

• १. देउराली मानेडाँडा देखि भिउटावर हुदै काफ्ले सम्म २ कि.मि.

| क्र.सं | वडा नं | साविक स्वीकृत बजेट | प्राविधिक निरीक्षणबाट तयार लागत अनुमान | थप गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १. | १ | ४,५०,०००/- | ५,६०,०००/- | १,१०,०००/- |
| २. | २ | ४,००,०००/- | ५,००,०००/- | १,००,०००/- |
| | | | जम्मा | २,१०,०००/- |

प्रतिवेदन अनुरुप सार्वजनिक खरिद ऐनको दफा ५४ र सुनकोशी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ को नियम १२७ बमोजिम लागत अनुमानमा भेरियसन आदेश दिने निर्णय गरी रकम थप गर्ने निर्णय गरियो ।

CamScanner

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा गाउँपालिकाले २०८१।०६।०८ को कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम मिति २०८१।०६।०८ मा १५ दिने म्याद दिई कृषकहरुसँग ५० प्रतिशत अनुदानमा मिनी ट्रिलर वितरण कार्यक्रममा सहभागी हुन चाहनेहरुको लागि प्रकाशित सूचना बमोजिम रीतपूर्वक तोकिएको समयावधिमा आवेदन संकलन गरीएको थियो साथै उपलब्ध बजेट तथा स्पेशिफिकेशन तयार गरी मिनि ट्रिलर खरिदको लागि मिति २०८१।०९।२१ मा सूचना आव्हान गरिएकोमा यस कार्यको लागि अनुमानित बजेट करिब रु. ८०/८० लाख अर्थात किसान तथा गाउँपालिकाको ५०/५० साझेदारी गरी रु. १ करोड ६० लाख रहेको थियो । कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ मा बजेट समेत बाँडफाँट भई रु. ८० लाख छुट्याइएकोमा सार्वजनिक रुपमा सूचना प्रकाशन गरी आव्हान भई पर्न आएको बोलपत्र मध्ये सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत छनौट भएको बोलपत्रदाता प्रतिक विजनेस हाउस प्रा.लि. पेप्सिकोला काठमाडौसँग प्रति मिनिट्रिलर रु २५,२९५। का दरले गाउँपालिकाको ५० प्रतिशत रकम व्यहोर्दा एकातिर ६८,५४,९४५। मात्र खर्च हुने देखिन्छ । कार्यविधिबाट बाँडफाँड भएको रकम खर्च भई बाँकी रहने रकमबाट बोलपत्र दातासंग स्वीकृत बोलपत्र बमोजिम प्रति इकाइ मूल्यमा नबढ्ने गरी थप मिनिटिलर खरिद सम्झौता गरी भेरियसन प्रक्रियाबाट अगाडी बढाउने निर्णय गरीयो ।

१२. प्रस्ताव नं १२ माथी छलफल गर्दा ठोकर्पा मा.विमा मा.वि दरवन्दीमा शिक्षक सरुवा भई गएकोले हाललाई गाउँपालिकाबाट दिएको प्रा.वि. दरबन्दीको पदपूर्ति सम्बन्धी परीक्षा कार्यक्रम स्थगित गर्ने निर्णय गरीयो ।

१३. प्रस्ताव नं १३ माथी छलफल गर्दा, यस कार्यालयमा कार्यरत खा.पा.स.टे. केशव पराजुलीले प्रयोग गरेको मोटरसाइकल मर्मत गर्नुपर्ने भएको हुँदा मर्मत सम्भार शिर्षकबाट रु. ३० हजार सम्मको रकम भुक्तानी दिने गरि मर्मत कार्यादेश दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१४. प्रस्ताव नं १४ माथी छलफल गर्दा यस कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री मोहन कुमार श्रेष्ठको बढुवा भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा हाँजिर हुनुभएको हुँदा यस गाउँपालिकाको कार्यालयमा कार्यरत सातौं तहका ईन्जिनियर श्री दिकेश प्रजापतीलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी तोक्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक बर्ष २०८२/०८३ बाट सञ्चालन हुने क्रमागत तथा नयाँ आयोजना/कार्यक्रमका लागि देहाय बमोजिम छनौट गरी पठाउने निर्णय गरियो ।

देहाय:

**(क) समपुरक अनुदान तर्फका योजनाहरु**

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | बाल्का भञ्ज्याङ माझगाउँ पाल्ते सडक | ७ | ६ करोड | नया |
| २. | स्याँले सुनखानी सिल्कु बाघखोर सडक | ४ र ५ | ६ करोड | नया |
| ३. | उखुबारी पुरानकोट सडक | ३ | २ करोड | नया |

**(ख) विशेष अनुदान तर्फका योजनाहरु**

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | सुनकोशी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम | १-७ सबै | १ करोड ५० लाख | **क्रमागत कार्यक्रम** |
| २. | कुडुलेखोला माझिगाउँ १ घर १ धारा खानेपानी योजना | ७ | १ करोड ५० लाख (रा.यो.आ. १ करोड गाउँपालिका ५० लाख) | **नयाँ कार्यक्रम** अतिसीमान्तकृत समुदायको करिब ३०० घरधुरीको लागि |
| ३. | भुमेश्वरी मा.वि. मर्मत, शैक्षिक सुधार तथा फर्निचर व्यवस्थापन | ५ | ५० लाख | **नया कार्यक्रम** भौगोलिक रुपमा अति विकट क्षेत्र |

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

## ग. प्रदेश समपूरक अनुदान तर्फ

| क.सं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | रानधारा बुढाथोकी गाउँ, जि.सी. गाउँ रैकरडाँडा स्वास्थ्यचौकी सडक स्तरउन्नती | २ | २ करोड | नयाँ |
| २. | धुसिने सुन्दरडाँडा, ७ किलो पात्ले सडक स्तरउन्नती | ६ र ७ | २ करोड | नयाँ |
| ३. | ओखरेगाउँ बाघभैरव छात्रावास महाकाल सडक स्तरउन्नती | १ | २ करोड | नयाँ |

## घ. प्रदेश विशेष अनुदान तर्फ

| क.सं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | तरकारी उत्पादन तथा प्रशोधन कार्यक्रम | वडा नं १ (अदुवाबारी) | ४० लाख | नयाँ कार्यक्रम |
| २. | कृषि उपज संकलन केन्द्र निर्माण | सुनकोशी गाउँपालिका | ६० लाख | नयाँ कार्यक्रम |

रविन्द्र प्रसाद [illegible]
गा.पा. अध्यक्ष

CamScanner